# कलश्री

साहित्य वार्षिक



'नयाँ नेपाल' साहित्य-आरम्भ

"हामी सबै जे छौं त्यो हामीले के सोच्छौं त्यसको परिणाम हो।
मन नै सब कुरा हो। जस्तो हामी सोच्छौं हामी त्यस्तै बन्छौं।" — बुद्ध

पावोल जानिक (स्लोभाकिया)

# रात्रि बस



मैनले बनेको आकृति
र जँड्याहाहरूको मुस्कान
म मन पराउँछु।

उनीहरूको आस्था
उनीहरूको विनम्रता
उनीहरूको सटीकता
उनीहरूको गल्तीरहित विवेक
जसको निर्धारण गर्छन् यथास्थितिजन्य सामाजिक अवयवहरू।

म प्रशंसा गर्छु
वालपेपर सजाइएका उनीहरूका आत्माहरू
जुन अति उज्याला र बुट्टेदार छन्
तिनीहरूको जिम्मेवारी र वैधानिकता
ट्याक्सी र वाइनको मूल्यभन्दा
चर्को छ।

जसरी सुन्छन् उनीहरू
अन्तिम ट्रली बसको गह्रौँ श्वास
म त्यो निरपेक्षताबाट त्रसित छु।



*(अनुवाद : केशव सिग्देल)*